# आमा पुस्तकालय : बालबालिकालाई असल नागरिक बनाउने प्रयास

– विनयकुमार कसजू

"केटाकेटीलाई मिठो ख्वाएर राम्रो लुगा लाएर बोर्डिङ स्कुलमा पठाउँदैमा उनीहरू असल बन्छन् भन्ने केही ग्यारेन्टी हुँदैन । स्कुल नगएको बेलामा पनि उनीहरूलाई भुलाउन र असल काममा लगाउन हामीले कोशिस गर्नु पर्छ ।" कास्की जिल्लाको भदौरे गाविसमा २०६७ सालको लक्ष्मीपूजाको व्यस्त दिनमा पनि आफ्ना बालबालिकालाई कसरी असल बनाउने भन्ने विषयमा छलफल गर्न भेला भएका आमा समूहकी एउटी आमाले पोखेको पीडा हो यो ।

दशैँमा दाक्षिण कोरिया जाँदा त्यहाँका आमा समूहहरूले संचालन गरेका पुस्तकालयहरू हेरेको र आमाहरूसँग कुरा गरेको प्रेरणा ताजै थियो । भदौरेको आमा समूहले गुरुङ संग्रहालय खोलेको समाचार पढेदेखि आमा समूहलाई भेट्ने र पुस्तकालय खोल्ने विषयमा कुरा गर्ने विचार आयो । संयोगले तिहारको छुट्टीको उपयोग त्यो काममा गरियो । गएकै दिन तालिब्राङको सिर्जना आमा समूहले संचालन गरेको गुरुङ संग्रहालय हेर्ने अवसर पायौँ ।

भोलिपल्ट लक्ष्मी पूजाको दिन थियो । महिलाहरू गाउँमा संचालित विभिन्न योजना र कामका लागि आर्थिक सहयोग जुटाउन भैलो खेल्ने तरखर गर्दै थिए । कोही भैलो खेल्न पोखरा जाँदै थिए । तैपनि हाम्रो कुरा सुन्न र आफ्नो कुरा सुनाउन सिर्जना आमा समूह र पंचभूमि आमा समूहका महिलाहरूले विहानको दुई घन्टा समय निकाले ।

"मेरो बच्चालाई असल बनाउन छिमेकीको बच्चा पनि असल हुनुपर्छ ।" कोरियाका आमाहरूको यो मार्मिक विचारलाई केन्द्र विन्दु बनाएर कुरा सुरु भयो । आफ्नो सन्तानलाई असल बनाउने कुरा कसलाई मन पर्दैन र ? कोरियाका आमाहरूले के गर्दैछन् भन्ने कुरा टुँगिन नपाउँदै आमाहरूले कुरा निकाल्न थालिहाले ।

दसैँ र तिहारको एक महिनाको छुट्टीमा घर आएका केटाकेटीको उदाहरण दिँदै पंचभूमि आमा समूहकी अनिता गुरुङले पोखराको बोर्डिङमा पढ्ने केटाकेटीहरू छुट्टीमा आउँदा गरेका केही उटुँग्याइँहरूको बारेमा सुनाइन् । "केटाकेटीलाई बोर्डिङमा पठाउँदैमा हाम्रो जिम्मेवारी पूरा हुँदैन । उनीहरू असल बन्छन् भन्ने केही ग्यारेन्टी हुँदैन ।" गाउँका केटाकेटी बिग्रन थालेकोमा आमाहरू चिन्तित थिए ।

हरेक आमाले आफ्नो बच्चालाई सबैभन्दा असल मानिस बनाउन चाहन्छिन् । तर आमाको मायाले मात्रै बच्चा असल हुन सक्तैन । बच्चा जुन परिवेश र समाजमा हुर्कन्छ त्यसले बच्चाको विकासमा सोझै प्रभाव पार्छ । यसैले आफ्नो बच्चा असल बनाउनु छ भने छिमेकीको बच्चा पनि असल हुनुपर्छ । छिमेकीको बच्चा खराब भयो भने आफ्नो बच्चा पनि खराब हुने सम्भावना धेरै हुन्छ ।

दक्षिण कोरियाका आमाहरूले यो सत्य भित्री मनदेखि बुझे र सबैको बच्चालाई असल बनाउने सामूहिक प्रयास सुरु गरे । सोल सहरको डोबोङ जिल्लाको गाउँका आमाहरूले बच्चाहरूलाई असल बनाउन एउटा उपाय निकाले । उनीहरूले आआफ्नो घरमा भएका टेबुल, कुर्सी, दराद, दरी, चकटी ल्याएर टिनको छाना भएको एउटा सामान्य घरको सानो कोठामा पुस्तकालय सुरु गरे । महिनैपिच्छे पैसा उठाएर घर बहाल र पुस्तकालय चलाउने व्यवस्था गरे ।

अहिले कोरियामा आमाहरूले संचालन गरेका यस्ता सामुदायिक पुस्तकालयको संख्या हजारौँ पुगेको छ । यी पुस्तकालयहरू परम्परागत पुस्तकालय भन्दा फरक छन् । यहाँ पुस्तक थुपार्ने र पढ्ने मात्रै गरिन्न, अन्य क्रियाकलाप पनि संचालन गरिन्छ । आमाहरूले आफूसँग भएको सीप बच्चाहरूलाई सिकाउँछन् । नाच्न, गाउन, पकाउन, कलात्मक सामग्री बनाउन सिक्छन् सिकाउँछन् । साथै आफ्नो संस्कृति र सांस्कृतिक सम्पदालाई जोगाउन विभिन्न कार्यक्रम संचालन गर्छन् । उनीहरूको एउटै ध्येय

छ - सबै आमाहरूबीच संवाद र सुसम्बन्ध बढाउनु र सबैका बच्चालाई असल मान्छे बनाउनु । उनीहरूले यो कुरा राम्ररी बुझेका छन् : “मेरो बच्चा राम्रो हुन अरूको बच्चा पनि राम्रो हुनुपर्छ ।”

पुस्तकालयमा दुईदेखि बाह्र वर्षका केटाकेटी आउँछन् । आमाहरू पनि आउँछन् । पुस्तकालय १२ बजेदेखि ६ बजेसम्म खुल्छ । आइतबार बन्द हुन्छ । केटाकेटी दिनमा स्कुल जान्छन् । आमाहरू पनि काममा घर बाहिर जान्छन् । स्कुलबाट केटाकेटी घर फर्कँदा घरमा आमाबाबु हुँदैन । यसैले उनीहरू पुस्तकालय जान्छन् । त्यहाँ आराम गर्ने, भुल्ने, पढ्ने, खेल्ने, चित्र कोर्ने, मूर्ति बनाउने, गाउने, नाच्ने अनेक सीप सिक्ने काम गर्छन् । आमा र बच्चाहरू मिलेर कलात्मक सामान बनाउँछन् । समुदायको बैठक बसेको बेलामा ती सामान बेचेर पुस्तकालयका लागि रकम जम्मा गर्छन् । आमाहरू कामबाट फर्कँदा त्यहाँ पसेर आफ्ना बच्चालाई लिएर घर जान्छन् । पुस्तकालय संचालिका लाला भन्छिन्, “वास्तवमा पुस्तकको भन्दा आपसी संवाद, समझदारी र सहकार्यको धेरै महत्व हुन्छ ।”

पुस्तकालयहरू स्वयंसेवक आमाहरूले पालैपालो संचालन गर्छन् । स्वयंसेवकहरूसँग बेग्लाबेग्लै सीप छ । कसैले कथा सुनाउँछ त कसैले गाउन र नाच्न सिकाउँछ । कसैले चित्र लेख्न त कसैले मैन र माटाका मूर्ति र कलात्मक सामान बनाउन सिकाउँछ । कसैले कागतका सामान त कसैले खेर गएका सामानबाट विभिन्न बस्तु बनाउन सिकाउँछ । यस्तै कसैले बुन्न, कसैले सिउन त कसैले पकाउन सिकाउँछ । पुस्तकालयमा तयार भएको सामान बेचेर समूहका लागि केही आम्दानी पनि हुन्छ ।

दो बोङ जिल्लाका सबै साना पुस्तकालयहरूको एउटा परिषद पनि छ । परिषदमा पुस्तकालयमा कसरी धेरै मानिसलाई आकर्षित गर्ने भन्ने विषयमा छलफल हुन्छ । योजना बनाइन्छ । बीस पच्चिस जना महिलाले स्वयंसेवकको रूपमा पालैपालो काम गर्छन् । हरेक दिन बच्चाहरूलाई नयाँनयाँ विषय, सीप सिकाउँछन् ।

**दक्षिण कोरियामा साना पुस्तकालय आन्दोलन**

**ओम डे सुप** (Ohm Dae-sup) नाम गरेका व्यक्तिले पुस्तकालयको बारेमा लेखिएको पुस्तकबाट प्रभावित भई सन् १९५० को दशकमा दक्षिण कोरियामा साना पुस्तकालय आन्दोलन चलाएका थिए । कोरियाली पुस्तकालय संघको महासचिव भएर काम गर्दा उनले ग्योँग्जु नगरमा निजी पुस्तकालय चलाए । त्यसै अन्तर्गत उनले १९५१ देखि गाउँका किसान र माछामार्ने माझीहरूका लागि **साना घुम्ती पुस्तकालयहरू** सुरु गरे ।

त्यसको अनुभवको आधारमा उनले सन् १९६१ मा गाउँले साना पुस्तकालय संघ स्थापना गरे । उनले आफ्नो सारा सम्पत्ति देशभरि गाउँले साना पुस्तकालयहरू खोल्ने काममा खर्च गरे । उनको साना पुस्तकालयमा तीन वटा मुख्य कुरा हुन्थे : किताब राख्ने सानो दराज, पाठक क्लब जसले पुस्तकालय संचालन गर्ने जिम्मा लिन्थ्यो र तीस वटा किताबको संग्रह । पाठक क्लबमा १४ वर्ष नाघेका किशोर र युवाहरू हुन्थे भने तीस वटा किताब किसान र माझीहरूलाई सीप सिकाउने र सांस्कृतिक चेतना जगाउने विषयका हुन्थे ।

सन् १९६१ मा २६ वटा साना पुस्तकालयबाट सुरु गरेको साना पुस्तकालय आन्दोलन सन् १९७० को दशकको अन्त्यतिर ३५,००० पुग्यो । साना पुस्तकालयको स्तर गाउँबाट पनि तल बस्तीबस्तीसम्म पुग्यो । साना पुस्तकालयहरूलाई सार्वजनिक पुस्तकालयहरूसँग जोडेपछि यसको उपयोगिता र क्षेत्र झन बढ्यो । २० वर्षको अवधिमा उत्साहसाथ चलेको साना पुस्तकालय आन्दोलको आर्थिक आधार बलियो नभएको हुँदा यसलाई सन् १९८१ मा सरकारले जिम्मा लिएर चलाउन थाल्यो । यसको कोरियन नाम, ‘मा-युल मुंगो’ (गाउँले सानो पुस्तकालय) फेरेर ‘सेइ मा-यु मुंगो’ (नयाँ गाउँले सानो पुस्तकालय राखियो ।

साना पुस्तकालय आन्दोलनले मुख्य दुइटा काम गर्‍यो । यसले पढ्ने बानीको विकास गर्‍यो र पढ्ने आन्दोलनलाई जन्मायो । अर्कोतिर यसले कोरियाभरि नयाँ र आधुनिक पुस्तकालय खोल्न कोसे

ढुंगाको काम गर्‍यो । यसैको फलस्वरूप अहिले पनि कोरियामा लघु पुस्तकालय आन्दोलन चलिरहेको छ ।

यो आन्दोलनले सन् १९८० को दशकमा सामाजिक आन्दोलनको रूप लियो र पुस्तकालय आन्दोलनलाई नागरिकस्तरमा पुर्‍यायो । पुस्तकालय आन्दोलनमा लागेका केही व्यक्तिले टोलटोल र बस्तीहरूमा तथा श्रमिकहरूका लागि सांस्कृतिक, सूचना तथा शिक्षाको केन्द्रको रूपमा साना पुस्तकालय स्थापना गरे । निजी रूपमा खुलेका यस्ता पुस्तकालयहरूको विभिन्न नाम राखिएका थिए । जस्तै वाचनालय, पढ्ने केन्द्र, सांस्कृतिक केन्द्र, बालपुस्तकालय इत्यादि ।

सन् १९९० को दशकमा प्रवेश गरेपछि निजी पुस्तकालय आन्दोलन फैलिएर लघु पुस्तकालय आन्दोलनमा परिणत भयो । यस्ता पुस्कालय संचालनका लागि १९९४ मा 'पुस्तकालय तथा पठन प्रवर्द्धन ऐन' बन्यो । फलस्वरूप लघु पुस्तकालयहरू देशभरि एपार्टमेन्ट (धेरै मानिस/परिवार बस्ने सैयौं कोठा भएका ठूला घर), चर्च, विहार, नगरपालिका कार्यालय, शिशु स्याहार केन्द्र, अस्पताल, सैनिक क्याम्पहरूमा खुले ।

संचालनको मेसोमा यी लघु पुस्तकालयहरूले विभिन्न समस्या भोग्नु पर्‍यो । यस्ता पुस्तकालय संचालन गर्नेहरूले आफ्नै निजी पैसाले पुस्तक किन्थे, पुस्तकालय संचालन गर्ने व्यावहारिक ज्ञान र सीप उनीहरूसँग थिएन, सार्वजनिक पुस्तकालयहरूको सहयोग पाएका थिएनन् । सरकारी सहयोग थिएन । एक प्रकारले साना पुस्तकालय खोल्नु भनेको सार्वजनिक पुस्तकालयले सन्तोषजनक सेवा दिन नसकेकोले खोलेको जस्तो देखिन्छ । तर यही नै मूल कारण होइन । यसको पछाडि सूचना, ज्ञान, शिक्षा, सांस्कृतिक जागरण र मनोरंजन तथा बालबालिकाको हित मुख्य उद्देश्य थियो । कोरियाका गाउँमा आमाहरूले खोलेका पुस्तकालयहरू यही आन्दोलनको परिणाम हो ।

संसारका सबै आमाहरूको एउटै ध्येय हुन्छ : आफ्नो सन्तानलाई असल र योग्य मानिस बनाउनु । उनीहरू आफूले खाईनखाई सन्तानलाई मिठो ख्वाउन खोज्छन् । राम्रो लाउन खोज्छन् । सबैभन्दा असल शिक्षा दिन चाहन्छन् । स्कुलमा तिर्ने चर्को शुल्कको बारेमा मोलतोल गर्दैनन् । स्कुलमा पठाएपछि केटाकेटी असल बन्छन्, पढ्ने पढाउने ठाउँ भनेको स्कुल मात्रै हो भन्ने सोचाइ धेरै आमाहरूको मनमा गहिरोसँग बसेको छ ।

वास्तवमा केटाकेटीहरूले स्कुलमा भन्दा घरमा धेरै समय बिताउँछन् । उनीहरू शिक्षकसँग भन्दा आमाबाबु परिवारजनसँग बढी समय सँगै हुन्छन् । उनीहरूले घरमा हुने घटना र दृश्यबाट तथा आमाबाबु, अभिभावक वा आफन्तबाट निरन्तर सिकिरहेका हुन्छन् । यसैले आमाबाबु र परिवारजन बालबालिकाका पहिला शिक्षक र आदर्श हुन्, हुनुपर्छ । आमाबा र अभिभावकहरूले केटाकेटीको पढ्न, खाने, लाउने बानीका बारेमा धेरै कुरा सिकाउन सक्छन् ।

स्कुलको एउटा कक्षामा २० देखि ८० जनासम्म विद्यार्थी हुन्छन् । एक जना शिक्षकले हरेक विद्यार्थीलाई आमाबाबुले झैं बराबरी ध्यान दिएर उत्तिकै माया गरेर पढाउन सिकाउन सक्तैन । धेरै वा राम्ररी पढ्ने र सुशील विद्यार्थीहरूप्रति शिक्षकको बढी माया र ध्यान जान्छ । आमाबाबु वा अभिभावकले आफ्ना सन्तानलाई बराबरी माया गर्न र ध्यान दिएर, उनीहरूको व्यक्तिगत अवस्था र आवश्यकतालाई बिचार गर्दै सिकाउन सक्छन् ।

नेपालमा हजारौं आमा समूहले गाउँलाई रक्सीमुक्त, खुला दिशामुक्त बनाउन, सामुदायिक बन जोगाउन, साना बचत तथा ऋण कार्यक्रम संचालन गर्न, साक्षरता कक्षा चलाउन उल्लेखनीय काम गरेका छ । अहिले केही गाउँका आमा समूहले होम स्टे अर्थात् पर्यटकहरूलाई घरमा बास बसाल्ने र स्थानीय परिकार ख्वाउने कार्यक्रम गरेर पर्यटन उद्योगलाई अगाडि बढाइरहेका छन् । तर आफ्ना मुटुभन्दा प्यारा सन्तानलाई असल मानिस बनाउन आमा समूहहरूको ध्यान गएको देखिँदैन ।

बालबालिकालाई आमाबाबु, परिवार, समाज र देशको लागि जिम्मेवार र असल नागरिक बनाउन सानैदेखि प्रयास गर्नु पर्छ । राम्रा संस्कार र सीप सिकाउनु पर्छ । राम्रा पुस्तक पढाउनु सुनाउनु पर्छ । सानैदेखि कथा सुन्ने र पुस्तक पढ्ने केटकेटीहरू ठूला भएपछि बिग्रन्नन्  भन्ने कुरा सिद्ध भइसकेको छ । यस दिशामा आमा समूहहरूको ध्यान जानु जरुरी छ ।

जिल्ला र गाउँहरूमा आमा समूहहरूसँग मिलेर सरकार र विभिन्न गैरसरकारी संस्थाहरूले अनेकौं परियोजना चलाइरहेका छन् । तर बालबालिकालाई असल शिक्षा दिन, उनीहरूलाई असल नागरिक बनाउन, उनीहरूको स्वभाव र विचार सुधार्न कुनै योजना चलाएको देखिँदैन । यस दिशामा ध्यान गएको छैन । हाम्रा आमा समूहले पनि आफ्ना बालबच्चालाई असल बनाउन अन्य गतिविधिहरूसँगै आमा पुस्तकालय खोलेर आफ्नो मौलिक सीप र संस्कृति सिकाउन थाले भने बालबालिकालाई देश र समाजप्रति जिम्मेवार र आफ्नो कला र संस्कृतिप्रति जागरुक बनाउन सक्नेछन् । यसले समाजको विकासमा एउटा नयाँ दिशा दिन सक्छ ।

कास्की जिल्ला विकास समितिले केही गाउँ विकास समितिलाई बालमैत्री गाविस बनाउने योजना बनाएको रहेछ । बालमैत्री गाविसको अवधारणा र योजना बनाउँदा बालबालिकाको मानसिक खुराक बालसाहित्य र बालपुस्तकालयलाई समावेश गरिएको छ कि छैन होला ? जान्न पाइएन । त्यस्तै पोखरा नगरपालिकाले पनि बालहितका काम गर्ने योजना बनाएको छ भन्ने थाहा पाइयो ।

बालबालिकालाई असल मानिस बनाउन, असल संस्कार सिकाउन र पढ्ने बानी बसाल्न पुस्तकालय वा बाल केन्द्र स्थापना गर्नु आवश्यक छ । वास्तवमा केटाकेटीलाई बोर्डिङ वा स्कुलमा पठाएर जिम्मेवारी पूरा भएको ठान्ने अभिभावकहरूले अब आफ्नो जिम्मेवारी बुझ्न थालेका छन् । आफ्ना सन्तानलाई असल नागरिक बनाउन अरूका सन्तानलाई पनि असल बनाउनु पर्छ र यसका लागि गाउँगाउँमा टोलटोलमा कोरियाली आमाहरूले खोलेका जस्ता सामुदायिक पुस्तकालयकहरू खोल्नु हाम्रो लागि पनि उपयोगी हुन सक्छ । यसका लागि देशभरि फैलिएका र समाज सुधारको काममा लागेका हजारौं आमा समूहहरू अगाडि सरे भने सामाजिक रूपान्तरणमा ऐतिहासिक काम हुन सक्छ ।

समाप्त ।

२०६८ असोज ११ गते ।